नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ १८ गते २०३६ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

खण्ड १५, मिति २०२२।६।६ अतिरिक्ताङ्क १७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित वाग्मती विशेष अदालतको सदस्यमा श्री ऋद्धिमानन्द बज्राचार्यलाई तोकिएकोमा निजको सट्टा वाग्मती अञ्चल अदालतको अतिरिक्त अञ्चल न्यायाधीश श्री महेश्वरमान प्रधानलाई तोकी हेरफेर गरिएको छ।

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

209
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

खण्ड २८ मिति ०३५।१।१७ अतिरिक्ताङ्क ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम दाङ जिल्लाको मोहियानी सम्बन्धमा गठित विशेष अदालतको अध्यक्षमा राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री माधवप्रसाद कँडेलालाई तोकी हेरफेर गरिएको छ।

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ को उप-दफा (३) र (४) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य र अध्यक्षमा श्री ऋद्धिमानन्द बज्राचार्यलाई तोकिएकोमा निजको सट्टा वाग्मती अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपानेलाई मिति २०३६।५।१२ देखि तोकी हेरफेर गरिएको छ।

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

902
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।